# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री वेदव्यास क्षेत्री जापानको राजधानी टोकियोमा हुने एशियाली अफ्रिकी कानून परामर्शदातृ समितिको तेत्तीसौं अधिवेशनमा भागलिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का.मु. विशेष सचिव श्री सुरेशमान श्रेष्ठलाई मिति २०५०।१०।३ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री शिवबहादुर प्रधानाङ्ग जापानको अवलोकन भ्रमणमा जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री टेकनाथ भट्टराईलाई मिति २०५०।१०।३ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

वाणिज्य मन्त्रालयका सचिव श्री दुर्गाप्रकाश पाण्डे मिति २०५० साल पुष २६ गतेदेखि उपचारार्थ भारतको नयाँ दिल्लीतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्म सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आपूर्ति मन्त्रायलका का. मु. सचिव श्री शम्भुशरणप्रसाद कायस्थलाई मिति २०५०।९।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## परराष्ट्र मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५०।६।५ देखि लागू हुने गरी शस्त्रास्त्र बाहेक अन्य क्षेत्रमा दक्षिण अफ्रिकासँग द्विपक्षीय सम्बन्ध स्थापना गर्न पाउने गरी उक्त मुलुक उपर लगाई आएको आर्थिक नाकाबन्दी हटाउने निर्णय गरेको छ ।

आज्ञाले,
केदारभक्त श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

४६५.



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार